नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ कार्यान्वयन गर्ने सिलसिलामा रहेकै अवस्थामा चिकित्सा शिक्षा सम्बन्धी विभिन्न माग राखी चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगञ्जको स्वतन्त्र विद्यार्थी युनियन लगायत अन्य विद्यार्थीहरूद्वारा गरिएको गतिविधिका कारण चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगंज र काठमाडौं विश्वविद्यालय स्कूल अफ मेडिकल साइन्सेज धुलिखेल लगायतका शैक्षिक निकाय तथा शिक्षण संस्थाहरुमा देखा परेको परिस्थिति प्रति यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी भई सो ऐन कार्यान्वयन गर्ने तत्परताका साथ सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा चिकित्सा शिक्षा आयोगको पहिलो बैठक २०७५ साल चैत्र ४ गते बसी चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष नियुक्तिको प्रक्रिया थालनी गर्ने, चिकित्सा शिक्षा आयोगका सदस्यहरू यथाशीघ्र मनोनयन गरी आयोगलाई पूर्णता दिने, चिकित्सा शिक्षा आयोगले अर्को निर्णय नगरुन्जेलसम्मका लागि चिकित्सा शिक्षाका क्षेत्रमा संलग्न निकायहरूले हाल अपनाइ आएको विधि तथा प्रक्रियाअनुसारका कार्यहरू यथावत रूपमा सञ्चालन गर्ने, चिकित्सा शिक्षा आयोगले पूर्णता नपाउन्जेल तथा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यान्वयन नभएसम्मका लागि आयोगका दैनिक कार्य सम्पादन लगायतका प्रशासनिक कार्यहरू सुचारु राख्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने लगायतका निर्णयहरू भएको सम्बन्धित सबैमा जानाकारी गराउन चाहन्छौं ।

यसका साथै साझा प्रवेश परीक्षा, शुल्क निर्धारण, आयोगको स्थायी संगठन संरचना तथा चिकित्सा शिक्षा नियमावलीको तर्जुमाका लागि माननीय उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको संयोजकत्वमा एक समिति गठन भइ उक्त समिति अन्तरगत प्रा.डा. धर्मकान्त बास्कोटाको अध्यक्षतामा साझा प्रवेश परीक्षा उपसमिति, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. भीमप्रसाद सुवेदी र राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. उषा झाको संयोजकत्वमा शुल्क निर्धारण उपसमिति, शिक्षा सचिवको संयोजकत्वमा सङ्गठन संरचना र स्वास्थ्य सचिवको संयोजकत्वमा नियमावली तर्जुमा उपसमिति गठन भइ उक्त कार्यहरु अन्तिम चरणमा पुगेको जानकारी गराउँदछौं ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम चिकित्सा शिक्षा आयोगलाई पूर्णता दिने सन्दर्भमा सो आयोगको उपाध्यक्ष नियुक्तिका लागि लोक सेवा आयोगका अध्यक्षको संयोजकत्वमा गठित सिफारिस समितिले हाल

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

नेपाल सरकार मन्त्रिपरिषद् समक्ष तीन जना उम्मेदवारहरुको नाम सिफारिस गरिसकेको अवस्था छ । चिकित्सा शिक्षा क्षेत्रको नियमनका लागि आवश्यक कानुनी तथा व्यवस्थापकीय कार्यहरू सम्पन्न भएपश्चात यस क्षेत्रको प्रणालीगत विकास हुने मन्त्रालयले विश्वास लिएको छ । अत: सम्बद्ध विश्वविद्यालयहरु, प्रतिष्ठानहरु, शिक्षण संस्थाहरु, अभिभावक, विद्यार्थीहरु र सबै सरोकारवाला व्यक्ति तथा निकायहरुबाट यस कार्यमा सकारात्मक सहयोगको अपेक्षा गर्दै गुणस्तरीय चिकित्सा शिक्षा अभिवृद्धिका लागि सार्वजनिक शिक्षण संस्थामा पचहत्तर प्रतिशत निःशुल्क छात्रवृत्ति, साझा प्रवेश परीक्षा, एकीकृत पाठ्यक्रम तथा क्यालेण्डर तर्जुमा लगायतका राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा उल्लिखित प्रावधानहरू कार्यान्वयन गर्न नेपाल सरकार प्रतिवद्ध रहेको व्यहोरा यसै प्रेस विज्ञप्ति मार्फत अनुरोध गर्दछौं । तसर्थ चिकित्सा शिक्षाका लागि विभिन्न मितिमा गर्ने गरी तय भइसकेका प्रवेश परीक्षाहरू यथावत रूपमा निर्वाध सञ्चालन गर्ने गराउने व्यवस्थाको लागि सम्वद्ध सबै पक्षसङ्ग आग्रह गर्दै वार्ता र सम्वादका माध्यमबाट समस्या समाधानका लागि सम्बद्ध सरोकारवाला सबैमा हार्दिक अपिल गर्दछौं ।

(वैकुण्ठप्रसाद अर्याल)
सहसचिव एवम् प्रवक्ता
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

मितिः २०७६।०५।१७